संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ११

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ १७ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमा हात उठाएर समय माग गर्नुहुँदै मा० श्री अञ्जना विसंखेले रोल्पा कारागारमा सजाय भोगीरहेका सुन्दर हरिजनको सजाय सकिएर मुक्त हुनुपर्नेमा विभिन्न मुद्दामा सजाय पाएका विजयविक्रम शाहलाई मुक्त गरिएको, विजयविक्रम शाहको नाममा सजाय भोगीरहेका सुन्दर हरिजनको आत्महत्याबाट मृत्यु भएको घटनामा देशको सुरक्षा प्रणाली, न्याय प्रशासन र समग्र राज्य प्रशासनको कमजोरी गाँसीएकोले उक्त घटनाको सत्य तथ्य छानविन गर्न संसदीय छानविन समिति गठन गर्नुपर्ने माग राख्नुभयो ।

तदुपरान्त मा० अर्थमन्त्री श्री जनार्दन शर्माले “आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री विष्णु प्रसाद पौडेल
२. मा० डा० मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री वर्षमान पुन
४. मा० श्री मेटमणि चौधरी
५. मा० श्री रेनुका गुरुङ्ग
६. मा० श्री अनिलकुमार झा
७. मा० श्री योगेश कुमार भट्टराई
८. मा० श्री भरत कुमार शाह
९. मा० श्री अमन लाल मोदी
१०. मा० श्री पुष्पा कुमारी कर्ण कायस्त
११. मा० श्री कृष्ण प्रसाद दाहाल
१२. मा० श्री बिनोद कुमार चौधरी
१३. मा० श्री सुरेन्द्र कुमार कार्की
१४. मा० श्री पार्वती कुमारी विशुन्के
१५. मा० श्री शेर बहादुर तामाङ
१६. मा० श्री तेजुलाल चौधरी
१७. मा० श्री हरिराज अधिकारी
१८. मा० श्री राजेन्द्र प्रसाद गौतम
१९. मा० श्री मान बहादुर विश्वकर्मा
२०. मा० श्री गजेन्द्र बहादुर महत
२१. मा० श्री लाल प्रसाद साँवा लिम्बु
२२. मा० श्री मोहन प्रसाद पाण्डे
२३. मा० श्री अञ्जना विसंखे
२४. मा० श्री गणेश कुमार पहाडी
२५. मा० श्री राजेन्द्र कुमार के.सी.
२६. मा० श्री सुरेश कुमार राई
२७. मा० श्री पार्वत गुरुङ्ग
२८. मा० डा० डिला सँग्रौला (पंत)
२९. मा० श्री सत्य पहाडी
३०. मा० डा० विजय सुब्बा
३१. मा० श्री मिन बहादुर विश्वकर्म
३२. मा० श्री विमला वि.क.
३३. मा० श्री विना कुमारी श्रेष्ठ
३४. मा० श्री घनश्याम खतिवडा
३५. मा० श्री नवराज सिलवाल
३६. मा० श्री खेमप्रसाद लोहनी

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १३ बमोजिम मिति २०७५ असार २० गते गठित कार्यव्यवस्था परामर्श समितिमा निम्नलिखित मा० सदस्यहरु रहने गरी मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

१. मा० श्री उमाशंकर अरगरिया
२. मा० श्री कृष्णभक्त पोखेल
३. मा० श्री खगराज अधिकारी
४. मा० श्री जीवनराम श्रेष्ठ
५. मा० श्री देवप्रसाद गुरुङ
६. मा० श्री पुष्पा भुषाल गौतम
७. मा० श्री प्रमोद साह
८. मा० श्री राजेन्द्र कुमार के.सी.
९. मा० श्री रामकुमारी चौधरी
१०. मा० श्री रेखा शर्मा
११. मा० श्री वहादुर सिंह लामा (तमाङ)
१२. मा० श्री विशाल भट्टराई
१३. मा० श्री शान्ता चौधरी
१४. मा० श्री शेरबहादुर तामाङ

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको विभिन्न समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम थप तथा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

| क्र.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| १. | मा० श्री विष्णु प्रसाद पौडेल | अर्थ समिति |
| २. | मा० श्री हृदयेश त्रिपाठी | अर्थ समिति |
| ३. | मा० डा० मिनेन्द्र प्रसाद रिजाल | अर्थ समिति |
| ४. | मा० श्री के.पी. शर्मा ओली | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ५. | मा० श्री ईश्वर पोखरेल | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ६. | मा० श्री प्रदिप कुमार ज्ञवाली | अन्तर्राष्ट्रिय सम्बन्ध समिति |
| ७. | मा० श्री लिलानाथ श्रेष्ठ | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति |
| ८. | मा० श्री नवराज राउत | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति |
| ९. | मा० श्री जुली कुमारी महतो | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति |
| १०. | मा० श्री भानुभक्त ढकाल | कानुन, न्याय तथा मानव अधिकार समिति |
| ११. | मा० श्री पार्वत गुरुङ्ग | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति |
| १२. | मा० श्री कृष्ण गोपाल श्रेष्ठ | राज्य व्यवस्था तथा सुशासन समिति |
| १३. | मा० श्री वसन्त कुमार नेम्वाङ्ग | विकास तथा प्रविधि समिति |
| १४. | मा० श्री पद्मा कुमारी अर्याल | विकास तथा प्रविधि समिति |
| १५. | मा० श्री जगत बहादुर सुनार (विश्वकर्मा) | शिक्षा तथा स्वास्थ्य समिति |
| १६. | मा० श्री शिवमाया तुम्वाहाङफे | सार्वजनिक लेखा समिति |
| १७. | मा० श्री गणेश सिंह ठगुन्ना | सार्वजनिक लेखा समिति |
| | | |
| १८. | मा० श्री उमाशंकर अरगरिया | कानून, न्याय तथा मानव अधिकार समितिबाट उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा |
| १९. | मा० श्री विमला विश्वकर्मा | महिला तथा सामाजिक समितिबाट कानून, न्याय तथा मानव अधिकार समितिमा |
| २०. | मा० श्री रामकुमारी चौधरी | कानून, न्याय तथा मानव अधिकार समितिबाट कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा |
| २१. | मा० श्री खगराज अधिकारी | शिक्षा तथा स्वास्थ्य समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा |
| २२. | मा० श्री शक्तिबहादुर बस्नेत | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा |
| २३. | मा० श्री हरिराज अधिकारी | अर्थ समितिबाट राज्य व्यवस्था तथा सुशासन समितिमा |
| २४. | मा० श्री शान्ता चौधरी | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट विकास तथा प्रविधि समितिमा |
| २५. | मा० श्री विद्या भट्टराई | शिक्षा तथा स्वास्थ्य समितिबाट विकास तथा प्रविधि समितिमा |
| २६. | मा० श्री दामोदर भण्डारी | राज्य व्यवस्था तथा सुशासन समितिबाट सार्वजनिक लेखा समितिमा |

त्यसपछि सम्माननीय सभामुखले संविधान सभा सदस्य डिम्पल कुमारी झाको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यमा निर्वाचित सदस्य एवं हाल लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सदस्य डा० डिम्पल कुमारी झाको ४४ वर्षको उमेरमा मिति २०७९ साल वैशाख १० गते शनिबार क्यान्सर रोगको उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले दिवंगत डिम्पल कुमारी झाको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ १८ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक अपरान्ह ५:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव